# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मेलम्ची, सिन्धुपाल्चोक
## बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७७/०७८ मितिः२०७७/०६/१८
च.नं. ४१०

श्री सबै सहकारी संस्था लि.हरू,
मेलम्ची न.पा., सिन्धुपाल्चोक ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय सहकारी बैंक लिमिटेड (National Cooperative Bank Limited (NCBL), च.नं. १६७-०७६/०७७ को यस कार्यालयमा प्राप्त पत्रानुसार त्यस सहकारी बैंकको सदस्यता लिन बाँकि रहेका भए सहकारी संस्थाहरूलाई सदस्यता लिन र सो बैंकबाट प्रदान गरिने सेवाको बारेमा जानकारी दिनको लागि यस पत्रसाथ बैंकको अनुरोध पत्र र सूचना समेत संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

बोधार्थः
श्री सूचना प्रविधि शाखा, सूचना वेभसाइटमा राख्न हुन ।
श्री सबै वडा कार्यालयहरू, सहकारी संस्थाहरूलाई सूचित गरिदिनु हुन ।

...........................
(झुपेन्द्रराज खरेल)
प्रशासकीय अधिकृत

फोन नं. ०११-४०११४१, ०११-४०११४२ वेवसाइटः www.melamchimun.gov.npई-मेल dms.melamchimun.@gmail.com
"मेलम्ची नगर समृद्धिको आधार- कृषि,पर्यटन,उद्योग र जलाधार"

"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन विकास एवं बैकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"
द.नं. ०१/०५५/६० (सहकारी बैंक)

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
(नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त बैंक)

मेलम्ची नगरपालिका
दर्ता नं.:- १०४४
मितिः- २०७७/६/१८

च.नं. १६७-०७६/०७७

मिति :- २०७७/०२/२६

श्रीमान् प्रमुखज्यू,
सहकारी विभाग/ माहाशाखा
मेलम्ची नगरपालिका/ गाँउपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

विषयः अनुरोध गरिएको वारे ।

महोदय,

मुलुकको आर्थिक एवं सामाजिक रुपान्तरणका लागि देशभर छरिएर रहेको पूंजी, सीप र साधनलाई सहकारीका माध्यमबाट एकीकृत रुपमा उत्पादनशिल क्षेत्रमा परिचालन गरी सहकारी संघ/संस्थाहरुलाई वित्तीय लगायत अन्य सेवा/ सुविधाहरु उपलब्ध गराई सहकारीका सदस्यहरुको जीवन स्तर उकास्न सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारको समेत शेयर लगानीमा १७ वर्ष अघि स्थापना भएको सहकारी संघ/संस्थाहरुको बैंकको रुपमा सदस्यमा आधारित यस राष्ट्रिय सहकारी बैंक लि.ले हाल ७ वटै प्रदेशका ३५ जिल्लामा रहेका ४४ वटा शाखा कार्यालयहरुबाट ७७ जिल्लाका करिव १२००० आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुमा पुऱ्याएको वित्तीय एवं गैर वित्तिय सेवा मार्फत न्यून आय भएका मानिसहरुको समेत जीवन स्तर उकास्नमा योगदान पुऱ्याउदै आएको छ ।

कोरोना भाईरस (कोभिड १९) को संत्रास र महामारीको वर्तमान आवस्थामा सहकारी र उनीहरुका सदस्यहरुलाई पर्न सक्ने प्रभावलाई मध्यनजर गरी आवश्यक थप वित्तीय तथा अन्य सेवाहरु विकास गर्नुको साथै अनलाईन मार्फत विभिन्न तालिम तथा मनोपरामर्श जस्ता कार्यक्रमहरु निःशुल्क रुपमा सञ्चालन गर्दै आएको छ । साथै बैंकले प्रदान गर्ने सेवाबाट साना-ठूला कुनै पनि सहकारी संघ/संस्था नछुटुन भन्ने उद्देश्यले यस बैंकको सदस्य बन्नको लागि विगतमा आवश्यक पर्ने न्यूनतम शेयर रकम रु.१०,०००।-लाई रु.१,०००।- कायम गरिएको छ । हाल बैंकको सदस्यता विवरण अनुसार त्यस स्थानीय तहमा ठेगाना भई यस बैंकको सदस्यता लिएका सहकारी संघ/संस्थाहरुको संख्या .... (संलग्न विवरण अनुसार) रहेको र अन्य सहकारी संघ/संस्थाहरु यस बैंकको सदस्यता लिन बाँकी रहेको देखिएकोले ती बाँकी सहकारी संघ/संस्थाहरुलाई समेत यस बैंकमा आबद्ध गराउन र बैंकबाट उपलब्ध गराइने सम्पूर्ण सेवा सुविधा उपयोग गर्ने अवसर प्रदान गर्नमा त्यस स्थानीय तहबाट आवश्यक सरसहयोग तथा सहजीकरणको लागि हार्दिक अनुरोध गर्दछु । सो सम्बन्धि बैंकको सूचना समेत यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

सहयोग आदान-प्रदान भैइरहने छ भन्ने कुरामा पूर्ण विश्वासकासाथ !

(बद्रीकुमार गुरागाईं)
प्रमुख कार्यकारी अधिकृत

# National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

## सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता

Internet Banking को सुविधा

रु १५०० मा बैंकको सदस्यता

SMS Banking को सुविधा

- वार्षिक शुल्क नलाग्ने
- सहज प्रक्रिया
- Online मार्फत सदस्यता लिन सकिने

थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस

Web: www.ncbl.coop Email: ncbl@ncbl.coop

NEDAC ACCU COOP